# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, जुलाई २०१३
# प्रथम अध्यक्षताको सन्देश, जुलाई २०१३

## आज संसारलाई अग्रजहरूको आवश्यकता छ

**अध्यक्ष थमस एस् मनसनद्वारा**

धेरैका लागि १८४७ को अग्रज यात्रा नभू, कर्टलैण्ड, सुदुर पश्चिम वा न्यू योर्कबाट सुरू नभई टाडा इङ्लैण्ड, स्कटलैण्ड वा जर्मनीबाट भएको थियो । मसिना केटाकेटीहरूले त्यो गतिशील आस्थालाई पूर्ण रूपमा बुझ्न सकेनन जसले तिनीहरूका अभिभावकहरूलाई परिवारहरू, साथिहरू,आराम र सुरक्षा पछाडि छोड्न प्रेरणा दियो ।

एक सानो बच्चाले सोध्दो हो, "आमा, हामीले किन घर छोडेको ? हामीहरू कहाँ जाँदैछौं ?"

"सँगै आओ, ए बहुमूल्यबान्, हामीहरू सियोन हाम्रा परमेश्वरको शहरमा जाँदैछौं ।"

घर र सियोनको सुरक्षाका बीचमा विशाल एटलान्टिकको पानीको क्रोध र भेल उभियो । त्यो कठीन यात्राको त्रासलाई कसले सम्झिन सक्छ जसले मानव हृदयलाई विक्षिप्त तुल्यायोको थियो ? आत्माको नरम कानेखुशीद्वारा अभिप्रेरित भएर, साधारण तर अपरिहार्य आस्थाले समर्थित भएर ती अग्रज सन्तहरूले परमेश्वरमा विश्वास राखे र तिनीहरूको यात्रा अगाडि बढाए ।

पुनः विस्थापित् भएर बाटोमा कठिनाइहरूको सामना गर्न अन्ततः तिनीहरू नभूमा पुगे । नभू देखि सल्ट लेक शहरको पूरै बाटो चिहानढुङ्गाले चिहानहरू अङ्कित थिए । त्यो नै मूल्य केही अग्रजहरूले तिरेका थिए । तिनीहरूका शरीरहरू शान्तिमा पुरिएका थिए तरपनि तिनीहरूका नामहरू सदाका लागि जिवित रहने छन् ।

थाकेका गोरूहरू लड्खडाए, ठेला गडाका पाङ्ग्राहरू चुइँ चुइँ गर्न थाले, शाहासी मानिसहरूले सङघर्स गरे,ड्रमरूको आवाज निस्कियो र स्यालहरू कराए तर आस्थाले प्रेरित र आँधिले पीडित अग्रजहरू अगाडि बढीरहे । प्रायशः तिनीहरूले गाए:

आउनुहोस् आउनुहोस् तपाइँ सन्तहरू, न त सङघर्स न त श्रमको नै डर छ,
तरपनि खुशीसँगै आफ्नो बाटो लाग ।
तपाइँका लागि यो यात्रा कठीन हुन सक्छ,
अनुग्रह तिम्रो दिनको रूपमा हुनेछ । …
सबै ठीक छ ! सबै ठीक छ !

यी अग्रजहरूले परमप्रभुका वचनहरू सम्झनुभयो: "मेरा जनहरूले सबै कुराहरूमा परीक्षित हुनुपर्छ ताकि तिनीहरू सियोनको महिमा सहित तिनीहरूका लागि मसँग भएका महिमाहरू प्राप्त गर्न तयारी रहन सकून् ।"२

समय बित्दै जाँदा हाम्रो स्मरण धमिलो बन्दै जान्छ र आँसुले कोरेको असंख्य चिहानको बाटोलाई पछाडि छोड्दहिँड्नेहरूको हाम्रो प्रसंशालाई घटाइदियो । तर आजका चुनौतीहरू के छन् ? के आज यात्राका लागि कठीन बाटाहरू, चढ्नका लागि विषम पर्वतहरू, कट्का लागि भीरहरू, कट्नका लागि ज्वालाहरू, तर्नका लागि नदीहरू छैनन् ? वा हामीलाई खतराको कठिनाइबाट बचाउने र सुरक्षित रूपमा सियोनतर्फ अगुवाइ गर्ने अग्रज आत्माको आवश्यकता अहिले छ ?

दोस्रो विश्व युद्धको दशाब्दीमा नैतिकताको मापदण्ड पुनः खस्कियो । अपराध बढ्दै गयो शिष्टता गिर्दै गयो । धेरै विनासका लागि राक्षसी स्वभावका क्षणिक उत्तेजना खोज्ने अनन्तताको खुशी वलिदान दिने खालका भए । यसरी हामीले शान्ति गुमायौं ।

हामीले ग्रीक र रोमवासीहरूले अशिष्ट समुदायको सामना कसरी गरेर शानदार जीत भयो -सिथिलता र लचकताले अन्ततः तिनीहरूको विनाशमा तिनीहरूमाथि कसरी विजय पायो भन्ने कुरालाई बिर्सन्छौं । अन्त्यमा तिनीहरू स्वतन्त्रता भन्दा पनि सुरक्षा र आराम जीवन चाहन्थे अनि तिनीहरूले सबै आराम र सुरक्षा अनि स्वतन्त्रता गुमाए ।

सैतानकोको प्रलोभन मा नफस, तर सत्यका लागि उभिय । व्यक्तिका अपूर्ण इच्छाहरू कहिल्यै पनि अन्त्य नहुने खुशीका लागि जोसको सनसनी र दुराचारका बीचमा हुने खोजले कहिल्यै पूरा हुदैन । दुराचारले कहिल्यै पनि सदाचारतर्फ अगुवाइ गर्दैन । घृणाले कहिल्यै पनि प्रेमलाई प्रोत्साहन गर्दैन । कायरताले कहिल्यै पनि साहस

दिँदैन । संकाले कहिल्यै पनि आस्थालाई प्रेरणा दिँदैन ।

केहीले मूर्खहरू जसले पवित्रता, इमान्दारिता र परमेश्वरका आज्ञाहरू प्रतिको आज्ञाकारितालाई हास्यास्पद बनाउँछन् का मजाक र मूल्यहीन टिकाटिप्पणीका कारण दृढ रहन कठीन भएको महसुस गर्छन् । तरपनि संसारले यो सिद्धान्त कहिल्यै पनि अवलम्बन गरेन । जब नोआलाई डुङ्गा बनाउन निर्देशन दिइयो विचारहीनहरूले बादलरहित आकासमा हेरे र उपहास अनि मजाक गरे जबसम्म पानी परेन ।

के हामीले पटक पटक यस्तो महत्वपूर्ण पाठ सिक्नै पर्छ ? समय परिवर्त हुन्छ तर सत्य स्थिर रहन्छ । जब हामी भूतकालको अनुभवबाट फाइदा लिन चुक्छौं हामी तिनीहरूलाई त्यही नियतिलाई तिनीहरूका सबै मानसिक व्यथा, पीडा र सन्तापमा दोहोऱ्याउँछौं । के हामीले सुरू र अन्त्य जान्ने हाम्रा परमप्रभुको ज्ञानको अनुशरण गर्नु पर्दैन जसले सुन्दरता विनास गर्ने सर्प नभई मुक्तिको योजना रचना गर्नुभयो ?

शब्दकोषले अग्रजलाई "एक व्यक्ति जो अगाडि जान्छ र अरूहरूका लागि अनुशरण गर्ने बाटो खोल्छ ।"३ भनेर परिभाषित गर्छ ।   के हामी केही गरी पहिलाको पुस्ताको चरित्र चित्रण गर्ने साहस र दृढता संग्रह गर्न सक्छौं ? के तपाईं र म वास्तवमा नै अग्रज बन्न सक्छौं ?

मलाई थाहा छ हामी हुन सक्छौं । आहा आज संसारलाई अग्रजहरूको कस्तो आवश्यकता छ !

## सूचीहरू

१. "तपाईं सन्तहरू आउनुहोस् आउनुहोस्" *भजन* नं. ३०
२. सिद्धान्त र करार १३६:३१
३. *अक्स्फोर्ड अंग्रजी शब्दकोष, दोस्रो संस्करण (१९८९), "अग्रजहरू"*

## यो सन्देशबाट सिकाउने

गृह शिक्षकहरूले ख्रीष्टमा आउनका लागि सबैलाई सचेत गराउने, सम्झाउने, सिकाउने र आमन्त्रण गर्ने गर्नुहुन्छ (सि र क २०:५९) । तपाईंले भेट गर्नेहरूलाई अध्यक्ष मनसनको सन्देशमा भएका सचेत गराउने र आमन्त्रण गराउने बुँदाहरूलाई महत्व दिनुहोस् । तपाईं तिनीहरूसँग धार्मिक उदाहरण चिन्ने र अनुशरण गर्ने तरिकाहरूका बारेमा छलफल गर्न सक्नुहुन्छ, छल/धोका परित्याग गर्नुहोस् र अरूहरूका गल्तीहरूबाट सिक्नुहोस् । तपाईंले सिकाउनेहरूलाई आज तिनीहरू कसरी अग्रज बन्न सक्छन् भनेर सोध्नुहोस् ।

यो प्रकाशनको परीक्षा शृंखला (अनुक्रम) को पृष्ट ६२ पढेर केटाकेटीहरूले अग्रजहरूका बारेमा अझै बढी सिक्न सक्छन् ।

नेबास्का यूएस्एको भूमिमा शीतकालिन क्वार्टरहरूमा हिँडेको म कहिल्यै बिर्सने छैन जहाँ अग्रजहरू वर्षौं पहिला बसेका थिए । त्यो भूमि मन्दिरको मैदानमा गएको जस्तै पवित्र महसुस गर्न सिकिने थियो ।

मेरो दृष्टिलाई धमिलो पारेर मेरा आँखाहरू आँसुले भरिएका थिए । मैले स्मारक देखें तर आकृति बनाउन सकिन । जब मैले आँसु पुछें मैले एक पुरूष र एक महिला देखें जसको मुहार शोकले विछिप्त थियो । जसै मैले नजिकबाट हेरें तिनीहरूको खुट्टामा चिहानमा रहेको नवजात शिशुको आकृति देखें ।

यो अवलोकनले ममा धेरै मनोभावना दु:खीपना, क्रोध, कृतज्ञता र खुशी पैदा गऱ्यो । म ती सन्तहरूले अनुभव गरेका पीडाहरू हटाउन चाहन्थें तर त्यति नै बेला सुसमाचारका लागि तिनीहरूले गरेको बलिदान प्रति म कृतज्ञ थिएँ ।

शीतकालिन क्वार्टरको मेरो अनुभवले मलाई स्वर्गमा रहनुहुने पिताले उहाँका सन्ततीहरूलाई सुसमाचार दिनुहुन्छ र तिनीहरूले चाहे अनुसार गर्न छनौटको स्वतन्त्रता दिनुहुन्छ भनेर महसुस गर्न सहयोग गऱ्यो । त्यो बच्चाका अभिभावकहरूले सजिलो बाटो रोज्न सक्थे । अगमवक्ताको अनुशरण गर्ने र सुसमाचार अनुसार जिउने कुराले यी अग्रजहरूलाई तिनीहरूका केटाकेटीहरू दफनाएर भएपनि अघि बढ्न आवश्यक भयो । तर तिनीहरूले सुसमाचार अनुरुप जिउने र तिनीहरूका चुनौतीहरूको सामना गर्ने कुरालाई छनौट गरे । मैले सिकें कि सन्तहरूको सुससमाचार प्रतिको समर्पण र अगाडि बढ्ने सङ्कल्प आस्था र आशाले अभिप्रेरित थियो - उज्ज्वल भविष्यका लागि आशा र आस्था थियो कि परमप्रभुले तिनीहरूलाई चिन्नहुन्छ र तिनीहरूको पीडालाई सहज बनाउन सक्नुहुन्छ आस्था थियो ।

अध्यक्ष मनसन भन्नुहुन्छ कि अग्रज त्यो हो जसले अरूहरूलाई अनुशरण गर्नका लागि बाटो देखाउँछ । जे सत्य छ त्यसका लागि दृढ रहन र तपाइको समुदाय अनि परिवारमा अग्रज बन्नका लागि तपाईंले के गर्न सक्नुहुन्छ ? तपाइको जवाफ लेख्नुहोस् र त्यसलाई तपाईंको परिवारसँग बाँड्नुहोस् ।

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । प्रथम अध्यक्षताको सन्देश, July 2013 को अनुवाद । भाषा Nepali 10667-372

# भेट गर्ने शिक्षिकाको सन्देश, जुलाई २०१३
# सुसमाचार सिकाउने र सिक्ने

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाइँका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीवनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् । थप जानकारीका लागि, **reliefsociety.lds.org** मा हेर्नुहोस् ।

आस्था , परिवार , सहायता

येशू खीष्ट अगुवा हुनुहुन्थ्यो । उहाँले हाम्रा लागि उदाहरण देखाउनुभयो जसै उहाँले "महिलाहरूको समूह र व्यक्तिहरूलाई बाटोमा, समुद्रको किनारमा, इनारमा र तिनीहरूका घरहरूमा सिकाउनुभयो । उहाँले तिनीहरूप्रति प्रेमरुपी दया देखाउनुभयो र तिनीहरू र तिनीहरूका परिवारहरूका परिवारका सदस्यहरूलाई चङ्गाइ दिनुभयो ।"१

उहाँले मार्था र मेरीलाई सिकाउनुभयो र "तिनीहरूलाई उहाँका चेला बन्न र त्यो असल भाग मुक्तिको अनुभव गर्न आमन्त्रण गर्नुभयो (लुका १०:४२) जुन तिनीहरूबाट कहिल्यै पनि लगिने छैन ।"२

पछिल्ला-दिनका हाम्रा धर्मशास्त्रहरूमा, परमप्रभुले हामीलाई "एक अर्कालाई राज्यको सिद्धान्त सिकाउन" (सि र क ८८:७७) आज्ञा दिनुभएको छ । प्राइमरी साधारण अध्यक्षताकी दोस्रो सल्लाहकार चेरिल ए एस्प्लिन सिद्धान्तहरू पढाउनाले र सिक्नाले "सुसमाचारका सिद्धान्तहरू पूर्ण रूपमा बुझ्नु भनेको पङ्ति माथि पङ्ति र उपदेश माथि उपदेश, यहाँ थोरै र त्यहाँ थोरै" गरेर आउने कुरा हो भन्नुहुन्छ (२ नफी २८:३०) । ३

जसै हामीले सिक्छौँ र प्रार्थना गर्छौँ, हामीले पवित्र आत्माको शक्तिसँगै सिकाउनेछौँ, जसले सन्देशलाई मानवका सन्ततीहरूको हृदयमा पुऱ्याउनेछ । (२ नफी ३३:१)

धर्मशास्त्रहरूबाट

आल्मा १७:२-३; ३१:५; सिद्धान्त र करार ४२:१२-१३; **८४:८५**

हाम्रो इतिहासबाट

हाम्रा पूर्व अगमवक्ताहरूले हामीलाई महिलाका रूपमा घर र चर्चमा हामीसँग शिक्षकको महत्वपूर्ण भूमिका छ भनेर स्मरण गराउनुभएको छ । सेप्टेम्वर १९७९ मा, अध्यक्ष स्पेन्सर डबल्यू किम्वल (१८९५-१९८५) ले हामीलाई "महिला लेखिका" बन्न भन्नुभयो । उहाँले भन्नुभयो: "धर्मशास्त्रविज्ञ बन्नुहोस् - अरूलाई तल खसाल्न होइन तर तिनीहरूलाई माथि उठाउन ! यी सबै गरिसकेपछि, जोसँग सुसमाचारका सत्यहरूको सम्पत्तिको अझै बढी आवश्यकता पर्छ (तिनीहरूले तिनीहरूको आवश्यकतामा सहयोगको अपेक्षा गरेमा) तब के यसो गर्ने महिलाहरू र आमाहरू धेरै पोषण र सिकाउने काम गर्नुहुन्छ?"४

हामीहरू सबै शिक्षकहरू र सिकारूहरू हौँ । जब हामी धर्मशास्त्रहरू र हाम्रा जीवित अगमवक्ताहरूका वचनहरूबाट पढाउँछौँ हामीले अरूहरूलाई खीष्टमा आउनका लागि सहयोग गर्न सक्छौँ । जब हामी अर्थपूर्ण प्रश्नहरू सोधेर अनि सुनेर सिकाइ प्रक्रियामा सम्मिलित हुन्छौँ हाम्रा व्यक्तिगत आवश्यकताहरूसँग मेल खाने जवाफहरू हामी पाउन सक्छौँ ।

## मैले के गर्न सक्छु ?

१. अझै बढी राम्रो शिक्षक हुनका लागि मैले कसरी तयार गरिरहेको छु ?
२. मैले हेरचाह गर्ने दिदीबहिनीहरूसँग के म मेरो गवाही बाँड्छु ?

## सूचीहरू

१. *Daughters in My Kingdom: The History and Work of Relief Society* (२०११), ३
२. *Daughters in My Kingdom*, ४
३. चेरिल ए एस्प्लिन "बुझ्नका लागि हाम्रा केटाकेटीहरूलाई सिकाउने" *Liahona* and *Ensign*, मे २०१२, १२
४. स्पेन्सर डबल्यू किम्वल *Daughters in My Kingdom*, ५० मा

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१२ । अनुवाद अनुमोदन: ६/१२ । भेटगर्ने शिक्षीकाको सन्देश, July 2013 को अनुवाद । भाषा Nepali 10667-372